## राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगरज्यूले आयोगको २५ औं वार्षिकोत्सव समारोहमा दिनुभएको मन्तव्य

संवैधानिक निकायका पदाधिकारीज्यूहरु,
कुटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिज्यूहरु,
UNDP Resident Representative Ms. Kyoko Yokosuka
निजामती सेवा, सुरक्षा निकाय तथा अन्य सरकारी सेवाका उच्चपदस्थ राष्ट्रसेवकहरु,
गैरसरकारी संस्था महासङ्घका अध्यक्षज्यू,
नागरिक समाज, गैरसरकारी संस्थाका प्रतिनिधि, मानव अधिकारकर्मी र सञ्चारकर्मी मित्रहरु,
उपस्थित सम्पूर्ण महानुभावहरु ।

२०५७ जेठ १३ गते स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोग २५ वर्ष पूरा भएको छ । यस अवसरमा आयोगको तर्फबाट मानव अधिकारको सम्मान, संरक्षण र प्रभावकारी कार्यान्वयनको कार्यमा अझ बढी क्रियाशील भएर लागिरहने प्रतिबद्धता ब्यक्त गर्दछु ।

अधिकार र दायित्वको समुचित प्रयोग र परिपालना गरी सुन्दर, समुन्नत र सुसंस्कृत राष्ट्रनिर्माणमा आ-आफ्नो स्थानबाट योगदान गर्न आजको दिनमा हामी सबैलाई प्रेरणा मिलोस् भन्ने मेरो कामना छ ।

मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको नेपाल पक्ष राष्ट्र हो । यसर्थ मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति सम्बन्धी दायित्व पूरा गर्ने जिम्मेवारी नेपाल सरकारसँग छ । यसैगरी मुलुकले ती दायित्वहरू पूरा गरे-नगरेको विषयमा निगरानी गर्ने तथा दायित्व बहन गराउँनका लागि उत्तरदायी बनाउने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगसँग रहेको छ। नेपाल सरकारबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा सिर्जना भएका दायित्व कार्यान्वयन हुन सके मात्र मानव अधिकारको उपयोगमा सहजता आउँछ ।

आर्थिक वर्ष २०८१/८२ को प्रारम्भदेखि हालसम्मको अवधिमा आयोगमा मानव अधिकारको उल्लङ्घनसम्बन्धी ५८ वटा उजुरीहरू दर्ता भएका छन् भने १६४ वटा उजुरीहरु

फर्छ्योट गरिएको छ ।आयोगले आफ्नो स्थापनाकालदेखि नै विभिन्न सिफारिसहरु गर्दै अएको छ । तर आयोगले गरेका सिफारिसहरुको कार्यान्वयन न्यून रहेको छ । क्षतिपूर्तिको हकमा केही कार्यान्वयन भएपनि कारवाहीका लागि गरिएका सिफारिसहरु कार्यान्वयन भएका छैनन् । यसरी कारवाहीका लागि आयोगबाट गरिएका सिफारिसहरु कार्यान्वयन नहुँदा दण्डहीनताले प्रश्रय पाएको छ । तसर्थ मानव अधिकार सबैका लागि समान, कानूनका अगाडि समान र मर्यादामा समेत समान हुन्छ भन्ने सन्देश प्रवाह गर्न समेत राज्यले आयोग लगायत अदालतको सिफारिस तथा आदेश पालना गर्नु पर्दछ ।

नागरिकको अभिव्यक्ति स्वतन्त्रतासँग मानव अधिकारको अन्योन्याश्रित सम्बन्ध रहन्छ । सूचना प्रवाहको कार्यमा खटिइरहेका सञ्चारकर्मीहरु नै असुरक्षित भएको, समाचार सङ्कलनका लागि खटिंदा उनीहरुलाई हतोत्साही बनाइएको, सञ्चार गृहहरुमाथि समेत क्षति पुगेको कारण अभिव्यक्ति स्वतन्त्रता नै सङ्कुचनमा पर्ने अवस्था उत्पन्न भएको जस्ता सूचनाहरु आयोगले प्राप्त गरिरहेको छ । म सञ्चार जगत र त्यसमा क्रियाशील सञ्चारकर्मीहरुको पेशागत र भौतिक सुरक्षाको प्रत्याभूति सहित नागरिकको अभिव्यक्ति स्वतन्त्रता सुनिश्चितताको पहलकदमी लिन नेपाल सरकारसँग आग्रह गर्दछु ।

आयोगबाट अनुगमनको कार्यमा खटिने कर्मचारीका साथै मानव अधिकार रक्षकहरुउपर धम्की, दुर्व्यवहार र आक्रमण जस्ता घटना भइरहनु चिन्ताको विषय हो । मानव अधिकार रक्षकहरुको सुरक्षाका लागि सरकारले विशेष ध्यान दिन जरुरी छ ।

प्रजातान्त्रिक समाजको सुन्दरता भनेकै विविधताको संरक्षण हो । विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई शान्तिसँग आवद्ध गर्न सकिएमा मात्रै हामीमा निहीत योग्यता र पहिचान उजेलिने कुरामा सबैको ध्यान पुग्न आवश्यक छ।

विगतको सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकार उल्लङ्घनका घटनाका पीडितहरुको न्याय र परिपूरण हामी सबैको सरोकार, चिन्ता र जिम्मेवारीको विषय हो । घटनाका पीडितहरुको न्याय र परिपूरणका लागि राज्यका निकायहरुले कुशलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्न सकून् भन्ने आयोगको धारणा रहेको छ। सङ्क्रमणकालीन संयन्त्रहरुले पीडितकेन्द्रित भएर पीडितको सन्तुष्टिलाई सुनिश्चित गर्दै कार्य गर्नुपर्दछ भन्नेमा आयोग स्पष्ट छ ।

नेपाल सरकारको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अन्तिम चरणमा रहेको छ। कार्ययोजनाले सङ्घ, प्रदेश तथा स्थानीय सरकारलाई जिम्मेवार बनाउन भूमिका खेलेको छ । यसको कार्यान्वयन र मानव अधिकारको प्रत्याभूतिको लागि सबै तहका सरकारले आ-आफ्नो दायित्व निर्वाह गर्नु आवश्यक हुन्छ । पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनाको फितलो कार्यान्वयनले मानव अधिकारको संरक्षण प्रभावकारी हुन सकेको छैन। आगामी योजना तर्जुमाको चरणदेखि सबै सरोकारवालाहरुलाई सहभागी बनाएर अपनत्वको विकास गराउन आवश्यक छ।

सन् २०२१ देखि २०२६ सम्मका लागि आयोगले छैटौं रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । यस योजनाले व्यवसाय र मानव अधिकार, जलवायु परिवर्तन र मानव अधिकार, भ्रष्ट्राचार र मानव अधिकार, दिगो विकास लक्ष्य र मानव अधिकार, राष्ट्रिय कार्ययोजनाको अनुगमन जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखेको छ।

आयोगले September 3-5, 2024 मा International Conference on Gender Inclusion in NHRIs आयोजना गरेको थियो । सो सम्मेलनमा लैङ्गिक समानता र मानव अधिकारका विविध सवालमा काम गर्ने लगभग ५०० जना स्वदेशी र विदेशीको सहभागिता रहेको थियो । सम्मेलनले ९ बुँदे कार्यमूलक घोषणापत्र जारी गरेको थियो । नेपाल लगायत एशिया प्रशान्त क्षेत्रका राष्ट्रिय मानव अधिकार संस्थाहरूले उक्त घोषणापत्रले उल्लेख गरेका विषयको कार्यान्वयन गरिरहेका छन्।

आयोगले गरेका यस्ता काम, उपलब्धि र नेपाल सरकारको मानव अधिकारको प्रतिबद्धताका कारण Global Alliance of National Human Rights Institutions (GANHRI) ले हरेक ५ वर्षमा गर्ने पुनरावलोकन अनुसार मार्च २०२५ मा गरेको आवधिक मूल्याङ्कनमा आयोगको A Status कायम रहेको छ। यो उपलब्धि आयोग एक्लैको होइन । यो तपाईं-हामी सबैको साझा गौरव र प्रसन्नताको विषय हो। मूल्याङ्कनको क्रममा भएको सिफारिस अनुरुप आयोगको नयाँ ऐन जारी गर्ने लगायतका कार्यलाई तदारुकताका साथ कार्यान्वयन गर्न म नेपाल सरकारलाई आग्रह गर्दछु।

विश्वव्यापी आवधिक समीक्षाको हरेक चक्रमा राष्ट्रिय मानव अधिकार संस्थाको तर्फबाट नेपालको मानव अधिकारको बारेमा आयोगले प्रतिवेदन पेश गर्ने गरेको छ । विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चक्रमार्फत प्राप्त २३३ सिफारिसहरु मध्ये नेपालले १९६ वटा सिफारिसलाई स्वीकार गरेको छ र ती सिफारिसहरुको कार्यान्वयनका लागि नेपाल सरकारले कार्ययोजना समेत बनाई कार्यान्वयनको चरणमा रहेको छ । हालसम्मको कार्यान्वयनको अवस्था मध्यनजर गर्दा सबै उपलब्धिहरु हासिल गर्न सरकारको अथक र सार्थक प्रयास

आवश्यक देखिन्छ। त्यसैगरी नेपालको चौथो चक्रको समीक्षा मानव अधिकार परिषद्को 51st session (Jan - Feb 2026) मा हुने कार्यतालिका सार्वजनिक समेत भएको छ।

यसैगरी CEDAW committee मा नेपालले बुझाउनु पर्ने सातौं आवधिक प्रतिवेदन पेश भई त्यसउपर गत February महिनामा छलफल पश्चात समापन टिप्पणी समेत प्राप्त भइसकेको अवस्था छ। नेपाल सरकारबाट हालसम्म चालिएका यस किसिमका सकारात्मक कदमहरुको सराहना गर्दै अन्य सन्धिजनित समितिमा पेश हुन बाँकी प्रतिवेदनहरु समयमै पेश गर्न आग्रह गर्दछु।

दिगो विकास लक्ष्य सन् २०१५-२०३० ले सबै प्रकारका गरिवीको उन्मूलन गरी मानव, पृथ्वी, शान्ति, समृद्धि र सहकार्यको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गरेको छ ।हालसम्मको कार्यान्वयन अवस्थाको समीक्षा गर्दा दिगो विकास लक्ष्यको पूर्ण कार्यान्वयन हुने लक्षण देखिदैन ।दिगो विकासका सबै लक्ष्यहरु मानव अधिकारसँग अन्तर्सम्बन्धित रहेकाले तिनको कार्यान्वयनमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन गर्न आवश्यक छ।

कानूनी शासनको अभावमा लोकतन्त्रको सञ्चालन र विकासको कुनै सम्भावना रहदैन भन्नेमा आयोग दृढ छ। विगत केही वर्षको अनुभव हेर्ने हो भने हाम्रो मुलुकका जिम्मेवार पदाधिकारीहरुको कानूनको परिपालना गर्नुको सट्टा संविधान र कानूनलाई आफ्नो निहित स्वार्थ र राजनीतिक प्रतिफलका लागि अपव्याख्या गर्ने-गराउने प्रवृत्तिप्रति आयोग चिन्तित छ ।

लोकतान्त्रिक मूल्यमान्यताको व्यवहारिक पालना र कानूनी शासनको प्रत्याभूति हुन सके मात्र मानव अधिकारको सूचकाङ्क राम्रो हुन्छ । लोकतान्त्रिक व्यवस्थामा व्यक्तिभन्दा प्रक्रिया र प्रक्रियाभन्दा परिणाम महत्वपूर्ण हुन्छ ।तसर्थ राज्यका सबै जिम्मेवार व्यक्ति र निकायहरुले अगामी दिनमा लोकतान्त्रिक आचरण र व्यवहार पालना गरेको नागरिकहरुले महसुस गर्न सकून् भन्ने सन्देश दिन चाहन्छु ।

आयोगका कार्यालयहरु भाडाको भवनमा सञ्चालन भइरहेका छन् । जसका कारण आयोगको काम कारवाहीमा समेत प्रतिकूल प्रभाव परेको छ। नेपाल सरकार समक्ष आयोगका लागि उपयुक्त भवनको प्रबन्ध गरिदिन म विशेष आग्रह गर्दछु।

राष्ट्रिय मानव अधिकार आयोगलाई नेपाल सरकारबाट हालसम्म प्राप्त सद्भाव र सहयोगका लागि आभार व्यक्त गर्दै भविष्यमा समेत नेपाल सरकारको सद्भाव र सहयोग आयोगले प्राप्त गरिरहनेमा म विश्वस्त छु।

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका लागि आ-आफ्नो स्थानबाट योगदान गर्ने सबै राष्ट्रसेवकहरुको म हार्दिक सराहना गर्दछु।

आयोगको कार्यमा सदाझै सहयोग गरिरहने संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP), युरोपेली युनियन लगायत अन्य सबै अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरुमा हार्दिक आभार प्रकट गर्दछु।

यसैगरी आयोगको कार्यमा निरन्तर सहयोग गरिरहने बुद्धिजीवी, साहित्यकार, कलाकार, नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चार जगत्, उद्योगी-व्यवसायी र सम्पूर्ण स्वदेशी तथा विदेशी सङ्घ-संस्थाहरूप्रति समेत म आभार प्रकट गर्दछु ।

अन्त्यमा, आफ्नो अमूल्य समय प्रदान गरी यो समारोहमा उपस्थित सबै पाहुनाहरुमा धन्यवाद ज्ञापन गर्दै बिदा हुन्छु।

धन्यवाद!
१३ जेठ २०८२